**तातो हावा "लू"बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily .com



**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



❖ वर्ष ३७ ❖ २०८१ जेठ २३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 05 29 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७३


# कर्मचारी हटाएपछि नारायणी अस्पतालको सेवा प्रभावित

## दन्त र फार्मेसी सेवा बन्द, अस्पतालका अन्य सेवाहरू पनि प्रभावित

प्रस, वीरगंज, २२ जेठ/

नारायणी अस्पतालले दरबन्दीमा नरहेका करार र दैनिक ज्यालादारीमा कार्यरत चिकित्सक, रेडियोजिस्ट, स्टाफ नर्स गरी ४७ जना कर्मचारीलाई मङ्गलवारदेखि लागू हुनेगरी हिजो सोमवार सूचना प्रकाशित गरी हटाएपछि यो विषयलाई लिएर विवाद शुरू भएको छ। यस अघिका मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साहको पालामा अस्पताल विकास समितिको २०८० माघ १० गतेको बैठकले दैनिक ज्यालादारीमा ११७ जना, करारमा १७ जनाको म्याद थप गर्दै अस्पतालमा काम गर्दै आएका ३१ जनालाई व्यवस्थापन गर्ने निर्णय गरेको थियो। त्यत्तिखेर कुल १६५ जना दैनिक ज्यालादारी, करार र त्यस अघिदेखि काम गरिरहेका कर्मचारीहरूको व्यवस्थापन गरिएको थियो । यसरी व्यवस्थापन गरिएका कर्मचारीहरूमध्येका ४७ जनालाई हिजो सूचना जारी गर्दै निमित्त मेसु डा ऐनामुल हकले प्रशासनिक निर्णयबाट हटाएका थिए। यहीभित्रका थप कर्मचारीहरूलाई पनि हटाउने तयारीमा उनी रहेको स्रोतले जनाएको छ । लामो समयपछि नारायणी अस्पतालमा कार्यरत ४७ जना कर्मचारीलाई एकसाथ हटाइएको हो । नारायणी अस्पतलमा विगतभन्दा अहिले धेरै सेवासुविधा थपिएका छन् । २५० शय्याको यो अस्पतालमा अहिले चार सय बढी बिरामीलाई भर्ना गरी सेवा प्रदान गरिंदै आएको छ। क्षमताभन्दा बढी शय्याका बिरामीहरूलाई सेवा दिनका लागि सोही अनुसार दैनिक ज्यालादारी, करारमा चिकित्सक, स्वास्थ्यकर्मी, सफाइकर्मी कर्मचारीहरू राखिएको अस्पताल विकास समितिका अध्यक्ष धीरजकुमार गुप्ता बताउँछन्। ४७ जना स्वास्थ्यकर्मीलाई हटाइएपछि आज अस्पतालमा जनशक्तिको अभावमा दन्त र फार्मेसी सेवा बन्द भएको अध्यक्ष गुप्ताले बताए ।



तस्वीर: फाइल

कर्मचारीहरू हटाइएपछि आइसियू, सिसियू, एनआइसियू, डायलाइसिस, रेडियोग्राफी, इको, एमआरआई, बीमा फार्मेसीका साथै अस्पतालको आन्तरिक सफाइ पनि प्रभावित भएको बताइन्छ। सेवा विस्तार गरिएको तर सोअनुरूप चिकित्सक, स्वास्थ्यकर्मी, सफाइकर्मी र कर्मचारीको दरबन्दी नभएपछि तीन दशक अघिको जनशक्तिबाट वर्तमान अवस्थामा अस्पतालमा सेवाप्रवाह गर्न गाऱ्हो हुने कर्मचारीहरू बताउँछन् । राजनीतिक परिवर्तनसँगै विकास समिति परिवर्तन, कर्मचारीहरू हटाउने परिपाटी नारायणी अस्पतालमा नौलो होइन । जसपा नेपाल विभाजन भएर उपेन्द्र यादव स्वास्थ्यमन्त्रीबाट हटेर प्रदीप यादव सोही मन्त्री बनेपछि जेठ १३ गते मेसु परिवर्तन गरिएको थियो। निमित्त मेसु डा हकले कार्यभार सम्हालेको एक सातामा ४७ जना कर्मचारीलाई हटाउनु पूर्वतयारी रहेको देखिन्छ।

नारायणी अस्पताल पाँच सय शय्याको स्वीकृत भइसकेको छ। यसका लागि भौतिक संरचना निर्माणको ठेक्का पनि भइसकेको छ तर सोविरुद्ध ठेकेदार कम्पनी सर्वोच्च अदालतमा पुगेकोले यो मुद्दा विगत पाँच वर्षदेखि टुङ्गो लाग्न सकेको छैन । अहिले पनि यो मुद्दालाई अदालतले हेर्दाहेर्दै विचाराधीन अवस्थामा राखेको छ। पाँच सय शय्याको लागि अस्पतालमा एक हजार दुई सय जनशक्तिको आवश्यकता पर्छ तर नारायणी अस्पतालमा अहिले पनि तीन दशक अघि निर्धारित १९२ जनाको दरबन्दी कायम छ । यसबाहेकका अतिरिक्त जनशक्ति विकास समितिमार्फत कार्यरत छन् । विकास समितिमार्फत कार्यरत जनशक्तिलाई निमित्त मेसु हकले नियमविपरीत हटाएका छन्। समितिमा उनी सदस्यसचिव हुन्। सात सदस्यीय समितिको सहमति नलिएर उनले प्रशासनिक निर्णय भनेर नयाँ शैली अपनाएका छन्। विकास समिति रहेको अस्पतालमा प्रशासनिक निर्णय भने कानूनविपरीत हुने जानकारहरू बताउँछन्। निमित्त मेसु डा हक आर्थिक समस्याका कारण कर्मचारीहरू हटाउनुपरेको जिकिर गर्छन्। विगत आठ महीनादेखी कर्मचारीहरूलाई तलब खुवाउन नसकिएकाले थप आर्थिकभारबाट अस्पताललाई जोगाउन ४७ जना कर्मचारीलाई हटाउनुपरेको उनको तर्क छ। उनले कर्मचारी हटाउँदैमा सेवा अवरुद्ध नहुने तर केही समस्या आइपर्ने बताए । उनले अहिलेको समस्यालाई समाधान गर्ने प्रयास भइरहेको बताए ।

यसैबीच, विकास समितिका अध्यक्ष गुप्तासहित समितिका सदस्यहरू रमेश चौधरी, किरणकुमारी शर्मा र अक्षयकुमार झाले संयुक्त विज्ञप्ति जारी गर्दै निमित्त मेसुले कर्मचारी हटाएकामा विरोध जनाएका छन् । उनीहरूले अस्पतालमा सिर्जित समस्याको जिम्मेवार मेसु हुने बताएका छन्। अस्पतालमा सेवा विस्तार गरिएपछि सोअनुरूप जनशक्ति अभाव भएको अवस्थामा भएका कर्मचारीहरूलाई विनासहमति हटाउने काम सह्य नहुने बताएका छन्।

# नेपाल पत्रकार महासङ्घको सदस्यता विवाद झनै जेलिंदै

## जारी नयाँ सदस्यता सूचीमा पनि धेरैको विरोध



तस्वीरः फाइल

प्रस, वीरगंज, २२ जेठ/

नेपाल पत्रकार महासङ्घको सदस्यतासम्बन्धी विवाद टुङ्गो लाग्नुको साटो झनै जेलिंदै गएको छ। जेठ २६ गते सबै शाखाको निर्वाचन सम्पन्न गर्ने गरी महासङ्घले जेठ १३ गते बेलुकी सदस्यता टुङ्गो लगाएर नाम सार्वजनिक गरेलगत्तै देशभर सो विषयलाई लिएर शाखा र महासङ्घका पदाधिकारी सदस्यहरूले विरोध गरेका थिए। नयाँ सदस्यता वितरण, नवीकरणलगायतका विषयमा महासङ्घले विधानसम्मत काम नगरेको भन्दै प्रेस चौतारी नेपाल, नेपाल प्रेस युनियन र समाजवादी प्रेस सङ्गठनले महासङ्घको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेको थिए।

यसैगरी, महासङ्घमा आबद्ध पाँचजना सचिव र चारजना सदस्य गरी नौजनाले संयुक्त विज्ञप्ति प्रकाशित गर्दै सदस्यता टुङ्गो लगाएर मात्र निर्वाचन गर्न निर्वाचन समितिसँग आग्रह गरेका थिए । तालाबन्दी, विज्ञप्तिद्वारा महासङ्घको सदस्यतासम्बन्धी विवाद चुलिएपछि अध्यक्ष विपुल पोखरेलले केही दिन अघि महासङ्घले आधिकारिकरूपमा सदस्यतासम्बन्धी टुङ्गो नलगाएको र सो कार्य सम्पन्न गर्नका लागि तालाबन्दी खोल्न आह्वान गरेपछि विरोधी समूहहरू र अध्यक्ष, महासचिवबीच दुई बुँदे सहमति भएपछि तालाबन्दी खुलेको थियो।

यसैबीच, सोमवार राति महासङ्घले सदस्यता सूची सार्वजनिक गरेपछि विवाद झनै बढेको छ। महासङ्घले जारी गरेको नयाँ सदस्यता सूची झनै विरोधाभासपूर्ण रहेको र त्यसमा सहमत हुने अवस्था नरहेको प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले बताएका छन् । यसैगरी, सदस्यताको नयाँ सूची झनै त्रुटिपूर्ण रहेको भन्दै पत्रकारसम्बद्ध विभिन्न संस्थाहरूले विरोध गरेका छन्। प्रेस सेन्टरबाहेक पत्रकारसँग आबद्ध नेपाल प्रेस युनियन, समाजवादी प्रेस सङ्गठन, प्रेस मञ्चले विरोध गरेका छन्।

यता सदस्यता विवाद सम्बन्धलाई लिएर नेपाल पत्रकार महासङ्घ, पर्सामा समाजवादी प्रेस सङ्गठन, पर्साले लगाएको तालाबन्दी यथावत् छ। सङ्गठनका सचिव बृजलाल पासवानको सदस्यता नवीकरण नगरिएको र सदस्यताको लागि आवेदन भरेका श्याम सर्राफको जिल्लाबाट


(बाँकी पाँचौं पातामा)


# बझियानमा धानको बीउ छर्ने तयारी, थरुहटमा शुरू

## दुवैतर्फका किसानहरू मललाई लिएर चिन्तित

ओमप्रकाश चौधरी/धर्मेन्द्र चौरसिया, २२ जेठ/

पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तरतर्फको थरुहट क्षेत्रमा अहिले अगहनी धानखेतीका लागि धानको बीउ छर्न शुरू भएको छ।


तस्वीर: प्रतीक

जेठ २० गतेदेखि नै थरुहट क्षेत्रका किसानहरू अगहनी धानखेतीको तयारीमा जुटेका छन्। उनीहरूले अहिले धानको बीउ छर्न काम शुरू गरेका छन् र आगामी असारको पहिलो सातादेखि धान रोपाइँ गर्ने यहाँका किसानहरूको तयारी छ। धानको बीउ रोप्ने क्रममा किसानहरूलाई आवश्यक पर्ने डिएपी मल भने सहज उपलब्ध छैन।

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनीबाट सहकारी संस्थाहरूले मल ल्याउने तर आफूहरूलाई उपलब्ध नगराएको किसानहरूको आरोप छ। कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनीबाट कुन सहकारीले कति मल ल्याए, कसरी बिक्री वितरण गरे भन्ने विषयमा पालिका र वडापालिकाहरूले चासो देखाएका छैनन्। एक बिघामा धानको बीउ छर्नका लागि एक किलो डिएपी मल आवश्यक हुन्छ। धानको बीउ २० देखि २५ दिनमा तयार हुन्छ।

अहिले थरुहट क्षेत्रका किसानहरू नेपाली बजारमा डिएपी मल नपाएपछि सीमावर्ती भारतीय बजारबाट महँगो मूल्यमा खरीद गरी गर्जो टार्दै छन् । भारतीय बजारमा डिएपी मल प्रतिबोरा (५० किलो)को नेरु तीन हजार तीन सय पर्छ । यही डिएपी मल नेपालमा भने प्रतिबोरा (५० किलो)को रु दुई हजार पाँच सय पर्छ। नेपाली मलको तुलनामा भारतीय मल महँगो मूल्यमा खरीद गर्नुपर्ने


(बाँकी पाँचौं पातामा)


# सिम्रौनगढ नपाद्वारा कृषि मिटरको भुक्तानी

प्रस, सिम्रौनगढ, २२ जेठ/

सिम्रौनगढ नगरपालिकाले आफू मातहतका किसानहरूले जडान गरेका


तस्वीर: प्रतीक

कृषि मिटरको भुक्तानी गरेको छ।

नगरप्रमुख किशोरीप्रसाद कलवारले कृषि मिटरको भुक्तानी नगरपालिकाले गर्ने घोषणा गरेअनुरूप मङ्गलवार नेपाल विद्युत् प्राधिकरण सिम्रौनगढका प्रमुख तैयब अन्सारीलाई २० लाख रुपैयाँको चेक हस्तान्तरण गरे । कृषि मिटर बिलको भुक्तानी गर्दै उनले गत साउनदेखि आगामी असारसम्मको कृषि बिल रिडिङ गरेर हुने भुक्तानीका लागि नपामा माग दाबी गर्न आग्रह गरे।

कार्यक्रममा उपप्रमुख नजमु शेहर, प्रमुख प्रशासकीय अधिकृत जयनारायणप्रसाद यादव, कार्यपालिका सदस्यहरू आशीर्वाद ठाकुर, रामएकबालप्रसाद यादव, विवेक मेहता, रामदिनेशप्रसाद यादव, सुरेन्द्रप्रसाद जयसवाल, जवाहरसाह कानू, मीना देवी, अवधेश सहनी, दीनदयालप्रसाद मुखिया, अरबिन्द मुखिया, नन्दकिशोरप्रसाद जयसवाल, एजुलश अन्सारी, राजकुमार यादव, शिवमङ्गल कुशवाहालगायतको सहभागिता थियो।

### विचारसार र सूक्तिहरू

**सहनशील मानिस कुनै कारणले शान्त छ भने यो ठान्नुहुन्न कि ऊसँग हिम्मत छैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# को दोषी, को निर्दोष ?

**नारायणी अस्पताल वीरगंजमा यतिखेर कर्मचारी हटाएको विषयलाई लिएर विवाद सिर्जना भएको छ। सरकारले पाँच सय शय्याको अस्पताल घोषणा गरेर सोअनुरूपको भौतिक संरचना निर्माणको प्रक्रिया अगाडि बढाउँदा विवादका कारण पाँच वर्षदेखि सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । अदालतमा मुद्दा विचाराधीन भएकोले पाँच सय शय्याको अस्पताल निर्माण हुन सकेको छैन । पाँच सय शय्याको अस्पतालका लागि ११९४ जना जनशक्ति आकलन गरिएको छ । तर अस्पतालमा तीन दशक अघिको दरबन्दी अनुसार १९४ जना मात्र कार्यरत छन् । नारायणी अस्पताल देशकै पुरानो अस्पतालमध्ये एक हो। पछिल्लो समयमा यो अस्पतालमा सेवासुविधाहरू वृद्धि भएका छन् तर सो अनुसारको जनशक्तिको अभाव छ। यही कुरालाई दृष्टिगत गरेर अस्पताल विकास समितिले नौ महीना अघि करार, दैनिक ज्यालादारीमा प्राविधिक, प्रशासनिक र सफाइकर्मीहरू बहाल गरेको थियो। अस्पतालबाट प्रवाह हुने डायलाइसिस, मुटु परीक्षणका लागि क्याथ ल्याब, सर्जिकल, मेडिकल, दन्त, आँखा, बाल बहिरङ्ग, बर्न र प्रसूतिलगायतका सेवाहरूका लागि प्राविधिकलगायतका कर्मचारीहरू बहाल गरिएकामा अहिले भर्खरै नियुक्त भएका मेडिकल सुपरिटेन्डेन्टले एकै दिन ४७ जना कर्मचारीलाई हटाएका छन् ।**

**राजनीति हाबी रहेको नारायणी अस्पतालमा सत्ता परिवर्तनसँगै अस्पताल विकास समितिका पदाधिकारी परिवर्तन हुने, मेसु परिवर्तन हुने अनि उनीहरूबाट कर्मचारीहरू हटाउने अनि भर्ना गरिने परम्परा छ। यस अघिका समयमा पनि यही भएको हो । अस्पताल विकास समितिको अध्यक्षमा धीरज गुप्ता र मेसुमा डा चितरञ्जन साह आएपछि उनीहरूले सहकार्यमा चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासनिक र सफाइ कर्मचारी गरी एकैपटक १६१ जनालाई नियुक्त गरे। अस्पतालमा कुन सेवाका लागि कति कर्मचारी आवश्यक छन्, त्यसको लेखाजोखा गरिन्न । राजनीतिक, सामाजिक दबाब अनि आर्थिक प्रलोभनमा कर्मचारीहरू भर्ना गरिने परम्परा रहँदै आएको छ। अस्पताललाई सुविधासम्पन्न बनाएर बिरामीहरूको उपचारमा सघाउने कार्यमा सरकार, अस्पताल विकास समिति, राजनीतिक दलहरू प्रतिबद्ध देखिएकै छैनन् । यस अघिका जसपा नेपालबाट उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादव परिवर्तन भएर सोही पार्टीबाट अलग्गिएका सांसद प्रदीप यादव अहिले स्वास्थ्यमन्त्री भएका छन्। उनको आगमनसँगै जेठ १३ गते अस्पतालको मेसु परिवर्तन भएर डा चितरञ्जन साहको ठाउँमा निमित्त मेसुमा डा ऐनामुल हक बहाल भए । उनी आएको एक सातामा पुराना मेसुको पालामा बहाल भएका कर्मचारीहरूमध्ये ४७ जनालाई एकैसाथ हटाइएको छ भने बाँकीलाई पनि क्रमशः हटाइने आशङ्का छ। यसो हुनुको एउटै कारण हो, आफ्नाहरू भर्ना गर्ने ।**

**अस्पतालमा गलत संस्कारको विकास भएकोले अहिले भएको क्रियाकलापलाई धेरैले सामान्यरूपमा लिएका छन् । एक पक्ष आएपछि भर्ना गर्ने र अर्को पक्ष आएपछि निकाल्ने परम्परा नारायणी अस्पतालमा जारी छ। विकास समिति, मेसुको आयु लम्बिएको खण्डमा बहाल गरिएका कर्मचारीहरू टिकाउ हुने नत्रभने हटनै पर्ने नियम चलिआएको हो। यसमा को दोषी, को निर्दोष भन्ने देखिन्न। विधिविधान अनुसार कर्मचारी भर्ना गरिएको भए अहिलेको अवस्था सिर्जना हुने नै थिएन ।**

# बजेट, मधेस, पर्सा र वीरगंज

आर्थिक वर्ष २०८१/८२ को लागि सदनमा अर्थमन्त्रीले १८ खर्ब ६० अर्बको बजेट प्रस्तुत गर्नुभएको छ। गत आवमा १७ खर्ब ५१ अर्बको बजेट पेश भएकोमा मध्यावधि समीक्षाको नाउँमा त्यसलाई संशोधन गरेर १५ खर्ब ३० अर्बमा झारिएको थियो । तर हिजो मङ्गलवारसम्ममा त्यसमध्ये पनि जम्माजम्मी ११ खर्ब १६ अर्ब मात्र खर्च हुन सकेको छ। त्यसैगरी बजेटमा करबाट नयाँ आवमा १२ खर्ब ६० अर्ब राजस्व सङ्कलन हुने प्रक्षेपण प्रस्तुत गर्नुभएकोमा विगत आवमा करबाट १३ खर्ब पाँच अर्ब सङ्कलन हुने भनिएकोमा बजेट प्रस्तुत हुने दिनसम्म जम्मा ६० प्रतिशत अर्थात् सात खर्ब सात अर्ब मात्र सङ्कलन भएको छ। यस पृष्ठभूमिमा हेर्दा नयाँ आवमा कसरी एकाएक राजस्व सङ्कलन र अनुदान बढ्छ, बुझ्न नसकिने भएको छ। सरकारले १८ खर्ब ६० अर्बमध्ये राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड, वैदेशिक ऋणबाट दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋणबाट तीन खर्ब ३० अर्ब बेहोर्ने प्रस्ताव गरेको छ।

खर्चतर्फ भने ११ खर्ब ४० अर्ब ६६ करोड, पूँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड र वित्तीय प्रावधानमा तीन खर्ब ६७ अर्ब १८ करोड प्रस्ताव गरेको छ। वास्तविक उठती राजस्वको हेक्का नै नराखी बढ्दो चालू खर्चलाई पूरा गर्न उठ्ने राजस्व, अनुदान र ऋणको रकम बढाएर राखिएको भान हुन्छ। यस अर्थमा यो बजेट धरातलमा उभिएको छैन र यसको परिणति पनि गत वर्षको बजेटझैं उठती र खर्च सबै ६० प्रतिशतकै हाराहारीमा हुने सम्भावना देखिन्छ।

बजेटका विभिन्न क्षेत्रहरू जस्तै उद्योग, कृषि, स्वास्थ्य र शिक्षा, विज्ञान प्रविधि जस्ता क्षेत्रहरूमा गरिएको विनियोजनका सम्बन्धमा विषयविज्ञहरूले आआफ्नो प्रतिक्रिया दिनु नै हुनेछ। तसर्थ हामी यसका चिरप्रतीक्षित संविधानद्वारा प्रदत्त 'घरघरमा सिंहदरबार' पुऱ्याउन ल्याइएको लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको पृष्ठभूमिमा बजेटको समीक्षा गरौं।

यस बजेटमा प्रदेश र स्थानीय तहका लागि पाँच खर्ब ६७ खर्ब विनियोजन भएको छ। यसमा वित्तीय समानीकरण अन्तर्गत प्रदेशलाई ६० अर्ब र स्थानीय तहलाई ८० अर्ब विनियोजन गरिएको छ। त्यस्तै, सशर्त अनुदान प्रदेशको लागि २५ अर्ब ८४ करोड र स्थानीय तहको लागि दुई खर्ब ८८ करोड गरी जम्मा दुई खर्ब ३४ अर्ब ७३ करोड विनियोजन भएको देखिन्छ। समपूरक अनुदान प्रदेशलाई छ अर्ब ७० करोड र स्थानीय तहलाई सात अर्ब विनियोजन गरिएको छ। विशेष अनुदानतर्फ प्रदेशको लागि चार अर्ब ४० करोड र स्थानीय तहको लागि आठ अर्ब ५० करोड विनियोजन भएको छ। राजस्व बाँडफाँडतर्फ भने प्रदेश र स्थानीय तह गरी एक खर्ब ५९ अर्ब हस्तान्तरण हुने सरकारको अनुमान छ।

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**अन्तमा वीरगंजतिर लागौं। मधेस आन्दोलन भएदेखि सौताको छोरामा दरिएको यस शहरमा न त अस्पतालको लागि एक अर्ब आयो, न रङ्गशालाको लागि कुनै रकम विनियोजन भयो। गर्मीयाममा काकाकुल बन्दै गएको यस शहरको छपकैया र रेलवे लाइन सडक, एक नम्बर र दुई नम्बर बाइपासमा पानीको पाइप ओछ्याउने योजनासमेत पर्न सकेन।**

गत आवमा यसरी प्रदेश र स्थानीय तहका लागि पाँच खर्ब ७४ अर्ब विनियोजन भएकोमा यस आवमा सात अर्बले बढाइएको छ। विनियोजित रकम आव २०८०/८१ मा कुल बजेटको ३३ प्रतिशत थियो भने आगामी आव २०८१/८२ मा यो ३० प्रतिशतमा झरेको छ। त्यसैगरी, सामान्य सिद्धान्त अनुसार पनि समपूरक अनुदान क्रमशः बढ्नुपर्नेमा आव २०७५/७६ मा समपूरक अनुदान कुल बजेट रकमको अनुपातमा प्रदेशको लागि १०.५ प्रतिशत रहेकोमा आव २०८०/८१ मा यो घटेर ८.३ प्रतिशत र प्रस्तावित बजेटमा ७.९ प्रतिशत हुने पुगेको छ। अर्कोतर्फ स्थानीय तहको लागि सशर्त अनुदान आव २०८०/८१ मा कुल अनुदानको ६.५ प्रतिशत रहेकोमा आगामी बजेटमा यो बढेर ६.७ प्रतिशत पुगेको छ। स्थानीय तहको लागि अनुकूल भएपनि प्रदेशको लागि यो व्यवस्था तनावपूर्ण हुने देखिन्छ। त्यस्तै, समपूरक अनुदान प्रदेशको लागि आव २०८०/८१ मा कुल बजेटको ८.३४ प्रतिशत रहेकोमा आगामी बजेटमा सात प्रतिशतमा झारिएको छ। आव २०८०/८१ कै बजेमा प्रदेश प्रहरीको व्यवस्था गर्ने घोषणा गरिएकोमा आगामी आव २०८१/८२ को लागि गृह मन्त्रालयको लागि छुट्टाइएको एक खर्ब ९९ अर्बको बजेटमध्ये ९९.८ प्रतिशत सङ्घको लागि मात्रै भएकोले प्रहरी समायोजन यस वर्ष पनि नगर्ने मनसायमैं सरकार रहेको बुझिन्छ। एकातर्फ राष्ट्रपति महोदयले दुई घण्टा लगाएर सरकारको नीति तथा कार्यक्रम वाचन गर्दा सरकारको जोड संविधानको कार्यान्वयन र सङ्घीयताको सबलीकरणमा केन्द्रित थियो। तर प्रस्तुत भएको बजेटले संविधानका साथसाथै २०१७ सालको Business Allocation Rule को पनि उल्लङ्घन गरेको पाइन्छ। किनभने यस नियमावली अनुसार सङ्घका मन्त्रालयहरूले गौरवका आयोजना तथा रणनीतिक आयोजनाको चुनाव र कार्यान्वयन गर्ने भनेर उल्लेख छ तर गत वर्ष सङ्घीय मन्त्रालयहरूले पाँच अर्बसम्मको आयोजना आफैंले सञ्चालन गरे, जसको व्यापक विरोधपछि सङ्घ सरकारले ३० अर्बभन्दा घटीको योजना सङ्घीय मन्त्रालयले सञ्चालन नगर्ने निर्णय गरेको छ। यस बजेटमा त्यसको पालना हुन्छ वा हुँदैन हेर्न बाँकी नै छ। तर समग्रमा मूल्याङ्कन गर्दा सङ्घ सरकार प्रदेशलाई पूर्णरूपले पङ्गु बनाएर राख्न उद्धत छ र विकास निर्माणको काममा सकेसम्म आफैं वा थोरबहुत स्थानीय तहबाट गराउन चाहन्छ। त्यस्तै हो भने बरु संविधान संशोधन गरेर प्रदेश नै खारेज किन नगर्ने ? तर कुनै पनि राजनीतिक दल यो गर्न इच्छुक होला जस्तो लाग्दैन किनभने प्रदेश खारेज गर्दा यिनले खानेपिउने बन्दोबस्त मिलाइदिएका कार्यकर्ताहरू विलखबन्दमा पर्ने र अन्तमा केही सीप नलागे काठमाडौं गई आआफ्ना नेताहरूलाई कोपर्ने भयको मनोविज्ञानले ग्रस्त भएको जस्तो लाग्छ। अन्तमा संक्षेपमा भन्नुपर्दा यो बजेट पनि 'कौवालाई बेल पाक्यो हर्ष न बिस्मात' जस्तो भएको छ, आम जनतालाई।

अब कुरा गरौं अन्नको भण्डार भनिएको मधेस प्रदेशको। २०८१/८२ लाई कृषि दशक घोषणा गर्दै सरकारले मधेसलाई कृषि हब बनाउने घोषणा गरेको छ। मधेसमा आँप र केरा खेतीको प्रवर्द्धनका साथै उखुखेतीको लागि दुई अर्ब २५ करोड विनियोजना भएको छ। त्यस्तै, कृषि उत्पादन बढाउन सर्लाही र रौतहटका २२ हजार चार सय हेक्टरमा नवीनतम यान्त्रिक सिंचाइ आयोजना सञ्चालन गर्ने घोषणा गरेको छ। तर वास्तविकता के छ भने समग्रमैं कृषि दशक घोषणा भएको पहिलो वर्षमैं यस क्षेत्रको बजेट कटौती भएको छ। बजेटमा आगामी आवमा कृषिको लागि ५७ अर्ब २९ करोड बजेट विनियोजन भएको छ, जबकि चालू आवको बजेटमा ५८ अर्ब ९८ करोड विनियोजन गरिएको थियो। यसरी कृषि क्षेत्रको बजेट एक अर्ब ६९ करोडले घटेको देखिन्छ। त्यसैगरी, देशमा मलखाद कारखाना बनाउने सुरसारै छैन तर मलखादको अनुदानसमेत बढाइएको छ। चालू आवमा मलखादको लागि ३० अर्ब विनियोजन गरिएकोमा आगामी आवको बजेटमा २७ अर्ब ९५ करोड मात्र विनियोजन भएको छ। नेपालमा वार्षिक करीब सात लाख मेट्रिकटन खादको आवश्यकता भएपनि सरकारले चार लाख मेटन मात्रै आयात गर्ने गरेकोले सीमान्त क्षेत्रका किसानहरूले भारतबाट कालोबजारमा खाद किनेर भारतीय सीमा सुरक्षाबल र नेपालका सुरक्षाकर्मीको गाली बेइज्जती खेप्दै ल्याउनुपर्ने बाध्यता घट्नुको साटो झन् बढ्ने भएको छ। भाषणमा जे भनिए पनि बजेटले सरकारको सोचाइको वास्तविकता प्रस्टचाउँछ। सरकार मधेसलाई नारामा मात्र अन्नको भण्डार भन्न रुचाउँछ भन्ने कुरा पुनः पुष्टि भएको छ। मधेसबाट अब झरौं, आफ्नै पर्सा जिल्लातर्फ र कुरा गरौं सिंचाइको। गण्डक नहरले आफ्नो क्षेत्रमा ४५ हजार बिघामा सिंचाइ सुविधा उपलब्ध गराउने भनिन्छ। तर एक त यसमा कहिले समयमा पानी आउँदैन र आए पनि पर्याप्त मात्रामा नआउने समस्या छ। तर नहरको उत्तर र जङ्गल सीमाको दक्षिणमा समेत ठूलो खेतीयोग्य भूभाग छ, जसमा चुरेको विनाश नभएसम्म पइनी वा कुलोबाट पर्याप्त सिंचाइ सुविधा उपलब्ध थियो। तर चुरेको विनाशपछि यो क्रम भङ्ग भएको छ। सुनकोशी मरिन बारासम्म आउने, सर्लाही र रौतहटमा २२ हजार चार सय हेक्टरमा यान्त्रिक सिंचाई आयोजना सञ्चालन हुने तर पर्सा जिल्लाको गण्डकभन्दा माथि भने भोगको जग्गाको लागि मरिन किन नआउने वा ल्याउन नसकिने हो यसको जवाफ कतै पाइँदैन।

अन्तमा वीरगंजतिर लागौं। मधेस आन्दोलन भएदेखि सौताको छोरामा दरिएको यस शहरमा न त अस्पतालको लागि एक अर्ब आयो, न रङ्गशालाको लागि कुनै रकम विनियोजन भयो। गर्मीयाममा काकाकुल बन्दै गएको यस शहरको छपकैया र रेलवे लाइन सडक, एक नम्बर र दुई नम्बर बाइपासमा पानीको पाइप ओछ्याउने योजनासमेत पर्न सकेन। अरू त अरू चिडियाघरको नाममा समेत बजेट विनियोजन भएको सुनिएन। धन्य छन् हाम्रा जनप्रतिनिधिहरू। यस्तो सफलताको लागि त उहाँहरूप्रति आभार प्रकट नगरी रहनै सकिन्न।

# निकुञ्जमा प्राकृतिक कारणले धेरै बाघ मरे

चितवन, २२ जेठ/ रासस

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा मृतावस्थामा बाघ भेटिने क्रम बढेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा यस वर्ष प्राकृतिक कारणबाट धेरै बाघ मरेका निकुञ्ज कार्यालयले जनाएको छ।

गत आवमा तीनवटा मृत भेटिएकामा यस आवमा भने सातवटा बाघ मृतावस्थामा भेटिएका निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए। उनका अनुसार सबैजसो बाघ प्राकृतिक कारणले मरेका हुन् । तीमध्ये अधिकांश एकापसमा जुधेर मरेका हुन् । बाघ एक्लै बस्न रुचाउने जनावर भएकोले बासस्थानको रक्षा र आहाराको खोजीका क्रममा एकापसमा जुध्ने गरेको उनले बताए । "बाघको सङ्ख्या बढ्दा बासस्थानको खोजीका क्रममा जुध्ने गरेका छन् । अहिलेसम्म बूढो भएर र जुधेर मरेका बाघ मात्रै भेटिएका छन् ।

चोरी शिकारी र बिरामी भएर यो वर्ष बाघ मरेका छैनन्," उनले भने ।



बाघको हाडखोर मात्रै भेटिने भएकाले भाले, पोथी छुट्याउन कठिन हुने गरेको उनले बताए।

निकुञ्ज प्रशासन, निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाले नियमित गस्ती बढाएसँगै निकुञ्ज र आसपासका क्षेत्रमा बाघ बढी सङ्ख्यामा मृत भेटिएका हुन्।

सन् २०२२ को राष्ट्रिय बाघ गणना अनुसार चितवन राष्ट्रिय निकुञ्जमा १२८ वटा वयस्क बाघ रहेका छन्। देशभर बाघको सङ्ख्या ३५५ रहेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# बाथरोग: धेरै बिरामी उपचारको पहुँचबाट बाहिर

शरद शर्मा

काठमाडौं, २२ जेठ/रासस

मुलुकमा बाथरोगका धेरै बिरामी उपचारको पहुँचभन्दा बाहिर रहेका पाइएको छ। नेशनल बाथरोग सेन्टरका अनुसार देशमा करीब ३० लाख बाथरोगी रहेका अनुमान गरिएको छ, त्यसको १० प्रतिशत बिरामी मात्र सही उपचारको पहुँचमा पुग्ने गरेका छन् । नेपालमा बाथरोग आफैं निको हुन्छ भन्ने सोचका कारण पनि यसका बिरामी उपचारमा नआउने गरेका छन् ।

सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले नेपालका धेरैजसो बिरामी सही उपचारको पहुँचमा नआउने गरेका र उपचार सेवासम्म आइपुगेका करीब ४० प्रतिशत बिरामीले मात्र बाथरोगलाई आफ्नो नियन्त्रणमा राख्न सकेका देखिएको पनि उनले बताए । उनका अनुसार अझै पनि नेपालमा बाथरोगका बारेमा जनचेतना जगाउनुपर्ने खाँचो देखिएको छ । "औषधिसेवन गरेपछि बीचमा छाड्ने, आफैं जडीबुटी तथा आयुर्वेदलगायतका एलोपेथिकबाहेकका औषधि खाने जस्ता कारणले उपचारमा आएका सबै बिरामीको रोग नियन्त्रणमा आउन सकेको छैन," उनले भने, "बाथरोग आफैं निको हुन्छ भनेर बीचमा नै औषधि नखाने प्रवृत्ति पनि धेरैमा देखिएको छ ।"

बाथरोग नसर्ने दीर्घरोग भएकाले नियमित औषधिसेवन गरिरहनुपर्छ । त्यसैले जनचेतनाको स्तर अझ बढाउनुपर्ने देखिन्छ । सेन्टरले बाथरोग पहिचानका लागि विभिन्न ठाउँमा शिविर राखेर निश्शुल्क स्वास्थ्य परीक्षण गरिरहेको उनले बताए ।

**औषधिले पूरै निको हुँदैन तर नियन्त्रण गर्छ**

बाथरोग विशेषज्ञ डा श्वेता नकर्मीले बाथरोगलाई पूर्णरूपमा नियन्त्रण गर्न नसकिने बताउँछिन्। "बाथरोग नियमित औषधिबाट निको पार्न सकिन्न," उनले भनिन्, "रोगलाई नियन्त्रण गरेर बिरामीलाई पहिलेकै अवस्थामा लैजान भने सकिन्छ। तर पनि यो रोगको असर भने सधैं देखिरहन्छ ।" अन्य विभिन्न रोगको असरका कारण, वंशाणुगत र वातावरणीय प्रभावका कारण नेपालमा बाथरोग लाग्ने गरेको देखिएको छ । बाथरोग विशेषज्ञ डा नकर्मी 'अटोइम्युन डिजिज'का कारणले बाथरोग लाग्ने गरेको बताउँछिन् ।

रोग प्रतिरोधात्मक क्षमतामा केही गडबडी आयो भने बाहिरी जीवाणुसँग लड्ने कोषिकाले आफ्नै शरीरको जोर्नी र अङ्गलाई नष्ट गर्न थाल्छन् र त्यसबाट उत्पत्ति हुने रोगलाई नै बाथरोग भन्ने गरिएको उनी बताउँछिन्। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र इन्टरनेशनल र्‍युम्याटोलोजी लिग (आइलार)को संयुक्त अध्ययनले जनसङ्ख्याको ३० प्रतिशतमा र्‍युम्याटिक एन्ड मस्कुलोस्केलेटल डिजिज (हाडजोर्नी र मांसपेशी दुख्ने रोग)को समस्या हुने गरेको देखाएको छ। त्यसमध्ये १५ देखि २० प्रतिशतमा कम्मर तथा ढाड र घुँडा दुख्ने समस्या देखिएको अध्ययनमा उल्लेख गरिएको छ ।

**औषधि सधैं सेवन गर्नुपर्छ**

नेपालमा बाथरोगको उपचार त्यति महँगो नभए पनि आम नेपालीका लागि भने यसको उपचार महँगो नै हुने गरेको बताइन्छ । बाथरोग पहिचानका लागि इम्युनोलोजिकल परीक्षण गर्नुपर्छ र यो केही महँगो छ ।

बाथरोग र यसका अनेक प्रकारको पहिचानका लागि गरिने स्वास्थ्य जाँच केही महँगो हुने गरेको प्रबन्ध निर्देशक कक्षपतिले बताए। "बाथरोगमा जीवनभर औषधिसेवन गर्नुपर्छ । यसका लागि मासिक करीब एक हजार दुई सय रुपियाँ जति खर्च हुन्छ । यसरी एकजनाको परीक्षण र औषधिसमेत गरी वार्षिक रु २० हजारभन्दा केही बढी खर्च हुन सक्छ," उनले भने। धूलो, धूवाँ, चुरोट पिउने, मदिरासेवन गर्ने, युरिक एसिड हुने खानेकुरा जस्तै बढी मात्रामा माछा, मासु र धेरै चिल्लो पदार्थ खाने, बढी तौल भएका व्यक्ति, दाताको र फोक्सोको समस्या भएका व्यक्तिहरूलाई बाथरोगको जोखिम बढी हुने गरेको चिकित्सकको भनाइ छ ।

बाथरोग गर्भमा रहेका बच्चादेखि सबै उमेर समूहमा लाग्ने गर्छ। पाँचदेखि १५ वर्ष उमेर समूहका बच्चालाई मुटुको बाथ ज्वरो बढी हुने गर्छ ।

**दुई किसिमका बाथरोग बढी**

हाडजोर्नी खिइने रोग जुन बुढेसकालमा बढी हुने र आम बाथरोग गरी दुई किसिमका बाथरोग नेपालमा बढी देखिने गरेको डा नकर्मी बताउँछिन्। तीमध्ये आम बाथ कडा खालको बाथ रोग हो ।

बाथरोग लागेकामध्ये आम बाथरोग दुई तिहाइ महिला र एक तिहाइ पुरुषमा देखिने गरेको छ। ४० वर्षभन्दा माथिका महिलालाई आम बाथरोगमा शुरूशुरूमा हाडजोर्नी दुख्ने, सुनिने, बिहान उठ्दा शरीर कक्रक्क पर्ने, मुठी पार्न र खोल्न गाह्रो हुने समस्या हुने गरेका छन् । त्यसपछि बाथरोग कडा हुन थालेपछि ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, तौल घट्ने जस्ता लक्षण देखिन्छन्। त्यसपछि बाथरोगले फोक्सो, आँखा, मुटुमा असर गर्ने गर्छ ।

विशेषज्ञ डा नकर्मीका अनुसार समयमैं औषधि खाइएन भने कालान्तरमा हातखुट्टाका जोर्नी बाङ्गो हुने, काम गर्न नसक्ने जस्ता समस्या हुने गर्छन्। बाथरोग सेन्टरले विगत १० वर्षदेखि काठमाडौंको रातोपुललगायत देशका विभिन्न आठ ठाउँ (ललितपुको पुल्चोक, भक्तपुरको टेखापुखु, पोखराको मुस्ताङचोक, झापाको शनिश्चरे रोड, बुटवलको सुक्खानगर, दाङको तुलसीपुर र चितवनको भरतपुर) मा बाथरोग सेन्टर सञ्चालन गरेर बाथरोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको र समयसमयमा ती स्थान र अन्यत्र निश्शुल्क शिविरको आयोजना गरेर बाथरोग पहिचान तथा जनचेतना जागृत गर्ने काम गर्दै आएको छ ।

**बाथरोगका लक्षण**

बाथरोग लागेपछि हातका औंला दुख्ने वा सुनिने, बिहान उठ्ने बेला हातखुट्टा र जीउ भारी भई अप्ठेरो हुने, खुट्टाका बूढीऔंला वरिपरि रातो भएर टेक्न नहुने, गोली गाँठो दुख्ने र सुन्निने, राति र बिहान ढाड दुख्ने र अप्ठेरो हुने, घुँडा दुख्ने र सुनिने जस्ता लक्षण देखिन्छन्। बाथरोगको प्रारम्भिक लक्षण बिहान उठ्दा हातका औंला खुम्च्याउन गाह्रो हुने र दुख्ने, त्यसपछि बिस्तारै सुनिने गर्छ । यो अवस्थामा स्वास्थ्य जाँच नगराइ दुखाइ कम गर्ने औषधिसेवन गरेर बस्दा रोग छिप्पिदै जाने हुन सक्छ ।

यस्तै कुर्कुचा दुख्ने (प्रायः बिहान उठ्ने बेला), पाइताला पोल्ने (प्रायः रातिको समयमा) वा झम्झमाउने, खुट्टा दुख्ने वा करकर खाने, जीउ गल्ने र छिटोछिटो थकान हुने, मांसपेशी कमजोर हुने, छालामा डाबर अथवा निको नहुने घाउ आइरहने, बारम्बार आँखा रातो हुने तथा दुख्ने, चीसोमा काम गर्दा हातखुट्टा नीलो हुने आदि लक्षण बाथरोगमा देखिन्छन् ।

बाथरोग सामान्य दुखाइदेखि डरलाग्दा किसिमका पनि हुने भएकाले बाथरोग लागेको शङ्का लागेपछि जतिसक्दो चाँडो परीक्षण गराउन यस रोगका विशेषज्ञ चिकित्सकहरूको सुझाव छ । शुरूमैं रोगको पहिचान हुन सक्यो र औषधिसेवन गरियो भने यसको दीर्घकालीन असरबाट बच्न सकिने उनीहरू बताउँछन् ।



बाथरोग विशेषज्ञ डा श्वेता नकर्मीले बाथरोगीलाई चेकजाँच गर्दै । तस्वीरः रासस

# असहायको उपचारका लागि ५२ अस्पतालमा ३७४ शय्या




काठमाडौं, २२ जेठ/रासस

काठमाडौं महानगरपालिकाले अशक्त, गरीब र असहाय बिरामीको निश्शुल्क उपचार गर्नका लागि तय गरेको प्रणालीमा ५२ अस्पतालका ३७४ शय्या सुनिश्चित भएको छ। कामपामा रहेका निजी अस्पतालले विपन्न, बेवारिसे र असहाय बिरामीका लागि १० प्रतिशत शय्या अनिवार्य एवं निश्शुल्करूपमा उपलब्ध गराउनुपर्ने प्रावधान अनुसार अस्पतालले उक्त शय्या विपन्न र असहायका लागि छुट्याएका हुन् ।

कामपा स्वास्थ्य विभागका जनस्वास्थ्य निरीक्षक धनेन्द्र श्रेष्ठका अनुसार विसं २०८० फागुनबाट शुरू गरिएको उक्त सेवाबाट अहिलेसम्म ७० बिरामी लाभान्वित भइसकेका छन् । यसरी सेवा लिन आउनेमा काठमाडौं उपत्यकाको भन्दा पनि उपत्यकाबाहिरका नागरिक बढी रहेका उनले जानकारी दिए । कानूनी व्यवस्थालाई निजी अस्पतालले अटेर गरेपछि कामपाले निश्शुल्क स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि, २०८० पास गरेर उक्त व्यवस्था कडाइका साथ कार्यान्वयनमा ल्याएको हो ।

कामपाले कुन अस्पतालमा शय्या उपलब्ध छ ? र कुन सेवा प्राप्त गर्न सकिन्छ ? भनेर विस्तृत विवरण अनलाइनबाटै पाउन सकिनेगरी व्यवस्था गरिसकेको छ। निश्शुल्क उपचार सेवा लिएकामध्ये केही निको भएर घर फर्किसकेका छन् भने केही उपचाररत रहेको कामपाले जानकारी दिएको छ। यसरी सेवा लिनेमा नाक, कान, घाँटी र मिर्गौलाका बिरामी बढी रहेका छन् । त्यस्तै, दम, क्षयरोग, छाती र आँखासम्बन्धी सेवा लिएका बिरामी रहेका पनि श्रेष्ठले जानकारी दिए ।

उपचार लिनका लागि समस्या भए वा थप जानकारी आवश्यक परेमा कामपाको स्वास्थ्य विभागमा वा कामपाको हटलाइन नम्बर ११८० मा सम्पर्क गरेर पनि आवश्यक जानकारी लिन सकिने श्रेष्ठले बताए ।

**यसरी लिन सकिन्छ निशुल्क उपचार सेवा**

सङ्घ/प्रदेश/स्थानीय सरकारले लक्षित वर्ग हो भनी जारी गरेको कागजात/परिचयपत्र, त्यस्तै राष्ट्रिय परिचयपत्र/नेपाली नागरिकता प्रमाणपत्र/जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि र हालसालै खिचिएको फोटो, रोग पहिचान भएमा सोको कागजपत्र, सम्बन्धित स्थानीय तहको वडाले लक्षित वर्ग हो भनी अनुसूची–४ अनुसारको सर्जमिन गरेको कागज र सम्बन्धित स्थानीय तहको वडा कार्यालयले उपचारको लागि अनुसूची–३ अनुसारको सिफारिश गरेको पत्र आवश्यक पर्ने बताइएको छ ।

बेवारिसे बिरामीको हकमा आकस्मिक कक्षमा आएका बखत उपचार खर्च नभएका गरीब, विपन्न तथा बेवारिसे बिरामीलाई प्रारम्भिक स्वास्थ्योपचार निश्शुल्क प्रदान गर्नुपर्नेछ।

# अमेरिकामा 'कन्सर्ट' गरी ललितपुरको अनाथ आश्रमलाई सहयोग

काठमाडौं, २२ जेठ/रासस

अमेरिकाको क्यालिफोर्नियामा रहेको नेपाली महिला विश्व सञ्जाल, लस एञ्जलस च्याप्टरको समन्वयमा ललितपुरको तुलसालय अनाथ आश्रमका लागि रु सात लाख २४ हजार ४८५ सहयोग उपलब्ध गराइएको छ । मङ्गलवार यहाँ आयोजित एक कार्यक्रममा च्याप्टरकी अध्यक्ष सपना सेढाईं थपलियाले तुलसालयका अध्यक्ष सरू सुवेदीलाई सहयोग रकम चेकमार्फत हस्तान्तरण गरिन् ।

ललितपुरको नख्खुडोलस्थित आश्रममा आश्रित बालबालिका, ज्येष्ठ नागरिक र मानसिक रोग भएकाहरूको लालनपालन र बालबालिकाको शिक्षाका लागि क्यालिफोर्नियास्थित सञ्जालले गत अप्रिलमा नेपाली साङ्गीतिक 'कन्सर्ट' आयोजना गरी रकम सङ्कलन गरेको थियो ।

कार्यक्रममा सञ्जालकी अध्यक्ष सेढाईंले नेपालमा विभिन्न कारणले बेसहारा बनेका अनाथ बालबालिका तथा ज्येष्ठ नागरिक, सडकमा अलपत्र परेका एवं मानसिक रोग भएकाहरूको उद्धार गरी लालनपालन र समाजमा पुनर्स्थापनाका लागि आश्रमलाई सहयोग गरेको बताइन् ।



तस्वीरः रासस

यस्तै, आश्रमकी अध्यक्ष सुवेदीले हाल २५ जना बालबालिका विद्यालय जाने गरेकाले उनीहरूलाई शैक्षिक सामग्रीका साथै मानसिक रोग भएकाहरूको औषधि उपचारमा सहयोग रकमको सदुपयोग गरिने बताइन् ।

आश्रममा हाल ३५ जना बालबालिका, ज्येष्ठ नागरिक, मानसिक रोग भएकाहरूसमेत गरी ५२ जना आश्रित रहेका छन् ।



**वर्षा र हावाहुरीले क्षतिः** सोमवार राति आएको वर्षा र हावाहुरीले जसपा नेपालको आगामी जेठ २८ गतेदेखि हुने एकताको प्रथम राष्ट्रिय महाधिवेशनको लागि जनकपुरधामको तिरहुतियागाछी मैदानमा निर्माणाधीन टेन्ट, मञ्चलगायत भत्केपछि व्यवस्थापन गर्दै मजदूरहरू। तस्बिर : निरञ्जनकुमार साह/रासस

# पानीको दुःख बोकेर चुरेवासी माइतीघरमा

प्रगति ढकाल
काठमाडौं, २२ जेठ/रासस

"दुर दुर गेला पर भी पानी नही भेटैछ, आब कोना जीब ? ताहि लेल हम सब सरकारी घर (सिंहदरबार) मे विरोध करय लेल आयल छी," अर्थात् टाढाटाढा गएर पनि पानी भेटिँदैन, हामी कसरी जिउने ? त्यसैले धर्ना दिन हामी सरकारी घर (सिंहदरबार) नजीक आएका हौं ।

जनकपुर उपमहानगरपालिकाकी ५० वर्षीया शान्तिदेवी यादवले माइतीघरमा बसेर व्यक्त गरेको यो पानीको कहानीले जो कोहीको पनि मन भकानिन्छ । २५ दिन पैदल हिंडेरै 'चुरे बचाऊ : हामीलाई पानी देऊ सरकार' भन्दै उनी माइतीघरमा बसेर पानीका लागि गुहार माग्दै छिन् ।

दिनभरको चर्को घामसमेत नभनी पैदल आउँदा सुनिएका खुट्टा अझै निको भएका छैनन् । "कसलाई रहर थियो र ? यो घाममा जनकपुरदेखि हिंडेर आउन," उनी भन्छिन्, "पानीको धेरै दुःख भयो सिंहदरबारनजीक आएपछि हाम्रो माग सुनुवाइ हुन्छ कि भन्ने लागेर माइतीघर आएका हौं तर आजसम्म सुनुवाइ भएन ।" उनी चुरे विनाशले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौं लाइन बस्नुपर्ने कहानी सुनाउँछिन् । "पानी नपाएसम्म हामी त नफर्किने हो, मर्न परे यही मर्छौं," उनी भन्छिन् ।

सप्तरी राजविराजकी सुनीता साहको कहानी पनि उस्तै उदेकलाग्दो छ । चुरेको बालुवा–ढुङ्गाको अत्यधिक दोहनका कारण चुरेको विनाश बढेको र खानेपानीको मुहान सुक्दा समस्या भोग्ने चुरेवासीमध्ये उनी पनि एक हुन् । "आधा घण्टा हिंडेर पानी लिनका लागि जानुपर्छ, त्यो पनि घण्टौं लाइन बसिसकेपछि मात्रै पाइन्छ," उनी भन्छिन्, "चुरे क्षेत्रका ८० प्रतिशत चापाकलको पानी सुकेर पानी नै आउँदैन, जारको पानी किनेर प्रयोग गर्न सक्ने क्षमता छैन ।"

सिराहाबाट माइतीघरमा पानीको माग गर्दै धर्नामा बसेकी अर्की सङ्गीता सदाले पनि खानेपानीको समस्याले जीवन नै समस्यामा परेको भन्दै चुरे संरक्षण हुनुपर्ने बताउँछिन् । "खानेपानी त छैन, कृषि बालीमा कसरी पानी लगाउनु ? सुकेर गइसक्छ," उनी भन्छिन्, "पहिलापहिला सस्तो पाउने तरकारीहरू सुक्खाका कारण महँगो भएको छ ।"

धनुषाकी फूलकुमारी मुखिया उमेरले ५० कटिसकिन् । माइतीघरमा पानी खोइ ? भन्दै रित्ता भाँडाहरू राखिएका छन् । तिनै रित्ता भाँडो बोकेर पानी माग्न उनी पनि २५ दिनको पैदलयात्रा गरेर काठमाडौं आइन् । "हाम्रो ठाउँमा सरकार नपुगेपछि सरकारको ठाउँमा हामी आयौं, यहाँ आउँदा पनि हाम्रो धर्नालाई कसैले पनि देखेनन्," उनी भन्छिन्, "पानीको समस्या भोग्नेलाई मात्रै थाहा हुन्छ यसको पीडा कति हुन्छ ? भनेर ।"

धनुषाबाटै धर्नामा आएकी राधा चौधरीलाई भने सिंहदरबार आसपासमा आएर गरिएको माग ढिलै भएपनि सरकारले सुन्ला भन्ने विश्वास छ । चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका संयोजक सुनील यादवले चुरे दोहन र वनविनाशका कारण पानीको स्रोत सुक्दै गएको र चुरेवासी पानीको सङ्कटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानीको उपलबधताका माग गर्दै धर्ना दिइएको जानकारी दिए ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए)का अध्यक्ष राकेश कर्णले माइतीघरमा पानीको माग राख्दै धर्नामा बसेका चुरेवासीको मागप्रति ऐक्यबद्धता रहेको बताए । "हाम्रो चुरे संरक्षणको मुद्दा सबैको साझा मुद्दा बनाउन र चुरे संरक्षणमा जुट्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छौं," उनले भने ।

भूगर्भविद् डा सुबोध ढकालले चुरे मासिंदा भूक्षय बढ्ने, पहिरो जानेलगायत समस्याले त्यस क्षेत्र तथा तल्लो तटीय क्षेत्रको समेत पानीको स्रोत सुक्दै जानेलगायत समस्या उत्पन्न भएको बताए । "खासमा तराईको जमीनको पानी रिचार्ज चुरेबाट हुन्छ, चुरेबाट जमीनमुनिबाट पानी छिरेर तराईसम्म पुग्ने हो, जब चुरेमा भूक्षय तथा पहिरो गयो भने जमीनमुनिको पानी सतहमाथि भएर खेर जाने र चुरेले जमीनमुनिको पानी रिचार्ज गर्ने काम कम भयो," उनले भने, "समाधानका लागि चुरेको पहिरो र भूक्षय रोक्नुपर्छ र चुरेलाई बचाउन माथिल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रबीच समन्वयकारी कार्यक्रमहरू लानुपर्ने हुन्छ ।"

उनले जमीनमुनिको पानीको स्रोत बचाउन वनजङ्गल फँडानी र अतिक्रमण रोक्नुपर्ने बताए । ढकालका अनुसार विस्तृतरूपमा चुरे तथा तराई क्षेत्रका जमीनमुनिको पानीको सतह घटेको विषयमा अध्ययन–अनुसन्धान हुनुपर्ने र तत्कालीन र दीर्घकालीन समस्या समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।

खानेपानी मन्त्रालयका सिनिअर डिभिजनल इन्जिनीयर मधु तिमिल्सिनाले खानेपानी मन्त्रालयको बजेट विनियोजन घट्दै जाँदा खानेपानीको समस्या समाधान गर्नका लागि यथेष्ट कार्यक्रम राख्न नसकिएको बताए । उनले अन्तरसरकारी निकाय, तीनवटै तहका सरकारबीचको समन्वयका आधारमा खानेपानीको समस्या समाधानका लागि कार्यक्रम तय गर्न सम्भव हुने बताए । "तराईमा खानेपानी सुधारका धेरै आयोजना बजेट अभावका कारण बन्न सकिरहेका छैनन्, डीप बोरिङ आयोजनाका लागि अर्थ मन्त्रालयसँग पहल गरेका छौं, सुनुवाइ भइरहेको छैन," उनले भने ।

तराईमा पम्प बिग्रिएका र अलपत्र परेका करीब २८० आयोजना छन् । रु चार अर्ब छुट्याएमा अधूरा आयोजना अगाडि बढाउन सकिने उनको भनाइ छ । आगामी आर्थिक वर्षका लागि मधेस प्रदेशका स्थानीय तहमा केही डीप बोरिङका कार्यक्रम राखिएका छन् । खानेपानी मन्त्रालयले समेत चुरे क्षेत्रको दोहन रोकेर चुरे संरक्षण गर्दै खानेपानीको स्रोत जोगाउनका लागि वन तथा वातावरण मन्त्रालयलाई ध्यानाकर्षण गराएको जनाएको छ ।

आगामी वर्षदेखि दिगो सुनकोशी–मरिन डाइभर्सन आयोजनाबाट तराईका केही जिल्लामा थोक वितरणबाट खानेपानी आपूर्ति गर्ने कि भन्ने विषयमा छलफल भएको उनले जानकारी दिए । चुरे दोहन बढ्दै जाँदा जमीनमुनिको पानी रिचार्ज हुन नसकेमा डीप बोरिङले पनि काम नगर्ने भन्दै दिगो समस्या समाधानका लागि चुरे जोगाउनुपर्नेमा उनी जोड दिन्छन् ।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले चुरे क्षेत्रको समस्या बहुआयामिक रहेको र चुरे संरक्षण तथा व्यवस्थापन गर्न बनाइएको २० वर्षे गुरुयोजना कार्यान्वयनमा लगानीको चुनौती रहेको बताए । "राष्ट्रिय गौरवको आयोजनालाई नै पर्याप्त स्रोत नै छैन । अन्य सरोकारवाला निकायसँगको समन्वय पनि राम्रो हुन सकेको छैन, यसले चुरे क्षेत्रको संरक्षणमा बाधा पुगेको छ," उनले भने, "तर चुरे संरक्षण नभएकै कारण चुरे तथा तराई क्षेत्रमा पानीको स्रोत सुक्यो भन्ने विषयमा कुनै अध्ययन, अनुसन्धान नभएकाले यही नै कारण हो भन्ने आधार छैन ।" उनले चुरेको नदी उत्खनन, वनविनाश रोक्न र चुरे क्षेत्रको संरक्षण गर्न अन्तरसरकारी निकायबीचको समन्वय जरुरी रहेको जानकारी दिए ।

यसैगरी, चुरेविद् विनोद भट्टले पनि चुरेको विनाश बढिरहँदा पहिरो तथा भूक्षय जाने र पानीको स्रोत सुक्दै जाने क्रम पनि बढिरहेको भन्दै समयमा नै सरोकारवाला निकायले सचेतना अपनाउनुपर्नेमा जोड दिएका छन् । उनले भने, "राष्ट्रिय गौरवको चुरे आयोजना र चुरे संरक्षणविपरीतका अरू विकासका आयोजनाहरू रहेका छन्, सरकारकै दोहोरो नीतिले चुरेको संरक्षण कसरी हुन सक्छ ?" चुरे क्षेत्रको बजेट कनिका छरेझैं छरिएको तर प्रभावकारी कार्यक्रम नभएको भन्दै यस विषयमा सम्बन्धित निकायले गम्भीरताका साथ सोच्नुपर्नेमा उनको जोड छ ।

यसैगरी, वनविज्ञ डा सोनी बराल गौलीले पनि चुरे संवेदनशील क्षेत्र रहेको र वनविनाशका कारण चुरेको माटो बगेर जाने तथा पानीको स्रोत संरक्षणमा समेत असर पुगेको बताइन् । "चुरेलाई कान्छो पहाडका रूपमा लिइन्छ, यहाँ खुकुलो माटो हुने भएकाले भूक्षय हुन्छ । वनजङ्गल भएमा यसका जराले चुरेको माटो समातेर राख्छ," उनले भनिन्, "चुरेमा वनजङ्गल भयो भने जमीनको पानी रिचार्ज हुने र पानीको स्रोत संरक्षण हुन्छ ।"

संविधानको धारा ३५(४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हकको व्यवस्था गरिएको छ, तर नागरिकले उक्त मौलिक हकको प्रत्याभूति गर्न पाएका छैनन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कुल ६६ लाख ६० हजार ८४१ परिवारमध्ये खानेपानीको मुख्य स्रोतका रूपमा धारा/पाइप (घरपरिसरभित्र) प्रयोग गर्ने ३४ दशमलव छ प्रतिशत र धारा/पाइप (घरपरिसरबाहिर) २२ दशमलव चार प्रतिशत, टयुबवेल/हातेपम्प २९ दशमलव आठ प्रतिशत, ढाकिएको इनार/कुवा एक दशमलव पाँच प्रतिशतले प्रयोग गरिरहेका छन् ।

दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा पानीको अभावलाई सम्बोधन गर्न तथा पानीको अभाव झेलिरहेको जनसङ्ख्यालाई उल्लेख्यरूपमा घटाउन सबै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा वृद्धि गर्ने र स्वच्छ पानीको दिगो निष्कासन तथा आपूर्ति गर्ने दिगो विकास लक्ष्य लिएको छ ।




### घट्दै चुरेको बजेट

चुरेमा अब प्रदेश र स्थानीय तहले पनि लगानी बढाउन आवश्यक रहेको सरोकारवालाहरूले बताउँदै आएका छन् । आगामी आव २०८०/८१ का लागि रु एक अर्ब पाँच करोड बजेट विनियोजन गरिएको छ । चालू आव २०७९/८० का लागि भने सरकारले चुरे संरक्षणको क्षेत्रमा रु दुई अर्ब १७ करोड बजेट विनियोजन गरेको थियो । तर बिस्तारै चुरे क्षेत्रको बजेट घटिरहेको भन्दै यसले चुरेको गुरुयोजना कार्यान्वयनमा चुनौती हुने भन्दै सरोकारवालाले गुनासो गरेका छन् ।

चुरे क्षेत्रको २० वर्षे गुरुयोजनाले तोकिएको वार्षिकरूपमा रु नौ अर्ब बराबरको रकम आवश्यक पर्ने उल्लेख गरेको छ । चुरे क्षेत्रका लागि विनियोजन भएको सीमित बजेट तर चुरेका असीमित अपेक्षाका कारण पनि उक्त योजनाहरू कार्यान्वयनका लागि थप चुनौती उत्पन्न हुने देखिन्छ । चुरे संरक्षणका लागि गुरुयोजना अनुसार आगामी २० वर्षसम्म करीब रु दुई खर्ब ५० अर्ब लागत लाग्ने उल्लेख गरे पनि अनुमानित लागत अनुसारको अपर्याप्त बजेटका कारण गुरुयोजना कार्यान्वयनमा चुनौती देखिएको छ ।

चुरे क्षेत्रको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समितिले नै विनियोजित रकम कम भएको भन्दै गुनासो गरेको छ । समितिका अध्यक्ष डा किरण पौडेलले विनियोजित रकम कम भएको र अब प्रदेश तथा स्थानीय तहसँग समन्वय थालिने बताए । "विनियोजित बजेट कम भएर आएको छ, यस कारण हाम्रा लक्षित कार्यक्रम कार्यान्वयनमा चुनौती थपिनेछ," उनले भने, "अब चुरे क्षेत्र जोगाएनौं भने चुरे तथा तराई र भित्री मधेस क्षेत्रमा खानेपानीको विकराल समस्या निम्तन सक्छ ।"

जमीनमुनिको पानी रिचार्ज प्रक्रिया बढाउन र पानीको स्रोत संरक्षण गर्न पोखरी निर्माण गर्नुपर्ने, वनजङ्गलको संरक्षण तथा चुरे दोहन रोक्नुपर्नेमा उनको जोड छ । "यसका लागि सबै सरकारी निकायबीच समन्वय हुनुपर्छ र राजनीतिक दलको समेत प्रतिबद्धता आउनुपर्छ," उनले भने, "समितिले मात्रै केही गर्न सक्दैन, सबैको सहकार्य भएन भने चुरेको समस्या बल्झिरहनेछ ।"

## फरक समाचार

### आँप खाने सही समय

प्रायः हामीहरू खाना खाएपछि आँप खाने गर्छौं । जसले गर्दा पाचनसम्बन्धी समस्या हुन्छ । भनिन्छ, राति हाम्रो पाचनतन्त्र थोरै कमजोर हुन्छ, जसले गर्दा



रातिको खाना सदैव हलुका खानुपर्छ । खाना खाएपछि आँप सेवन गर्दा पेट बिग्रिन सक्छ । पखाला तथा बान्ता पनि हुन सक्छ ।

मधुमेहका बिरामीहरूले खानपानमा विशेष ध्यान राख्नुपर्छ । खाना खाएपछि आँप खाँदा यसले शरीरको ब्लड सुगरको स्तर बिगार्न सक्छ । साथै रातिको खानापछि आँप खानेहरूमा मोटोपन बढ्न सक्छ । वजन बढेपछि थुप्रै शारीरिक समस्या हुन थाल्छन् ।

आँपको प्रकृति गर्म हुन्छ र आँप सेवन गरेपछि शरीरको तापक्रम बढ्न सक्छ । राति खाना खाएपछि आँप सेवन गर्दा छालासम्बन्धी समस्या हुन सक्छ । यसले शरीरमा डन्डीफोर, कालो चायापोते हुन सक्छ । आँप खाने उपयुक्त समय भनेको दिउँसो हो ।

**आँपसँग के खानुहुँदैन :** भनिन्छ आँपसँग दही खानुहुँदैन । दुवै एकसाथै खाँदा शरीरमा कार्बनडाइअक्साइड बढी बन्न थाल्छ, जसले गर्दा शरीरमा नकारात्मक असर पर्छ । आँप खाएपछि तुरुन्तै पानी पिउनु हुन्छ भने यसले आन्द्रामा सङ्क्रमण गर्न सक्छ । आँप अथवा जुनसुकै फल खाएको आधा घण्टापछि मात्र पानी सेवन गर्नुपर्छ ।

जानकारका अनुसार आँप र करैला साथै खानुहुँदैन । यसले बान्ता हुने, शरीर बेचैन हुने तथा सास फेर्न समस्या हुन्छ । त्यसैगरी, आँपसँग चीसो पेय पदार्थ सेवन गर्नुहुँदैन । किनभने यी दुवै खाद्य पदार्थमा चिनीको मात्रा बढी हुन्छ, जसले गर्दा शरीरमा विभिन्न समस्या निम्त्याउँछ । आँपसँग मसालादार भोजन खाएपछि छालासम्बन्धी रोग लाग्छ । साथै यसले पेटको समस्या पनि निम्त्याउँछ ।

### केरामा खैरो रङको दाग किन बस्छ ?

बजारबाट किनेर ल्याएको केरामा एक/दुई दिनपछि खैरो रङको दाग बस्छ । धेरैजसोले केरा बिग्रिएको भन्दै यसलाई फाल्ने गर्छन् । तर हालै अमेरिकाको



फ्लोरिडा स्टेट युनिभर्सिटीका शोधकर्ताले यस तथ्यमाथि अध्ययन गरेको छ ।

वैज्ञानिकका अनुसार खैरो रङको दाग बसेपछि केरा बिग्रिएको होइन । यसलाई खान सक्छौं । यदि केरामाथि मैनको पातलो परत चढाएपछि बोक्रामा अक्सिजनको रिएक्सन हुँदैन र खैरो रङ्गको दाग बस्ने क्रम सुस्त हुन्छ । यस्तो प्रयोग गरेको खण्डमा हरेक वर्ष करोडौं टन केराको फसल बिग्रिनबाट रोक्न सकिन्छ । केराको बोक्रामा हुने एथिलिन ग्यासको कारण यदि तपाईं अर्को फल साथै राख्नुहुन्छ भने त्यो पनि चाँडै पाक्ने र मुलायम हुन थाल्छ ।

### बिरालोले नाम याद राख्छ

जापानमा गरिएको एउटा अनुसन्धान अनुसार बिरालोले आफ्नो नाम मात्र होइन, अन्य बिरालोको नाम पनि याद राख्न सक्छ । साथै बिरालोले घरका सदस्यहरूको पनि नाम याद राख्न सक्छ ।

हामीले सोच्छौं कुकुरले मात्र नाम याद राख्न सक्छ । तर घरमा पालेको



बिरालोले लुकेर तपाईंको घरेलु कुराकानी सुनिरहेको हुन्छ । शोधकर्ता साहो ताकागीले अन्य शोधकर्ताहरूसँग मिलेर प्रयोग गरेका थिए ।

उनीहरूले घरमा बस्ने बिरालोको चयन गरे । ती बिरालोहरूलाई अन्य बिरालोको तस्वीर देखाउँदै उनीहरूको नाम बताइएको थियो ।

प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तेस्रो पटक बाराणसीबाट विजयी

नयाँ दिल्ली, २१ जेठ/एएफपी

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी


तस्वीर: एजेन्सी

हिन्दू पवित्र शहर वाराणसीको प्रतिनिधित्व गर्ने आफ्नो निर्वाचन क्षेत्रबाट एक लाख ५२ हजार मतान्तरले पुनः निर्वाचित भएका छन्।

मोदी र उनका सहयोगीहरू (एनडिए) मङ्गलवार देशको आम चुनावको मतगणनामा विजयका लागि अघि बढिरहेका छन्। तर विपक्षी उम्मेदवारहरूले अग्रता लिंदा संसदीय बहुमत अत्यन्त कम भएको छ। टिप्पणीकार र एक्जिट पोलहरूले मोदीका लागि भारी विजयको प्रक्षेपण गरेका थिए।

निर्वाचन आयोगको तथ्याङ्क अनुसार एक दशकमा पहिलोपटक मोदीको भारतीय जनता पार्टी (भाजपा) आफ्नै पूर्ण बहुमत प्राप्त गर्न असफल हुन सक्ने देखिएको छ। यसको अर्थ सरकार बनाउन भाजपा आफ्नो गठबन्धन साझेदारहरूमा भर पर्नुपर्नेछ।

९२ प्रतिशत मतगणनामा भाजपाको ३७ दशमलव एक प्रतिशत सन् २०१९ को यसअघिको निर्वाचनको तुलनामा थोरै कम हो।

मुख्य विपक्षी काङ्ग्रेस पार्टीले आफ्नो संसदीय सिटहरू झन्डै दोब्बर बनाउन सक्ने अनुमान गरिएको छ।

निर्वाचन आयोगको तथ्याङ्कले भाजपा र यसका सहयोगीहरूले कुल ५४३ मध्ये कम्तीमा २८२ सिटमा अगाडि रहेको देखाएको छ। यो संसदीय बहुमतका लागि पर्याप्त छ।

तर भाजपा स्वयम् भने २३९ सीटमा मात्र अगाडि रहेको छ। पाँच वर्षअघिको निर्वाचनमा भाजपाले प्राप्त गरेको ३०३ सिटभन्दा यो धेरै कम हो।

काङ्ग्रेस भने अघिल्लो निर्वाचनमा जितेको ५२ सिटबाट बढेर ९९ मा अगाडि रहेको छ। रासस

## अस्ट्रेलियाले गैरनागरिकलाई पनि सेनामा भर्ती हुन अनुमति दिने

सिड्नी, २१ जेठ/एएफपी

अस्ट्रेलिया सरकारले देशको कम जनसङ्ख्याका कारण राष्ट्रले सेना भर्तीका लक्ष्यहरू पूरा गर्न सङ्घर्ष गरिरहेको भन्दै मङ्गलवार गैरनागरिकहरूलाई आफ्नो सशस्त्र सेनामा भर्ती हुन अनुमति दिने बताएको छ।

"जुलाईबाट १२ महीनादेखि अस्ट्रेलियामा बसोबास गरिरहेका स्थायी बासिन्दाहरूलाई सेनामा भर्ती हुने अनुमति दिइनेछ र बेलायत, क्यानडा, न्युजिल्यान्ड र संयुक्त राज्य अमेरिकाका नागरिकहरूलाई प्राथमिकतामा राखिनेछ," रक्षामन्त्री रिचर्ड मार्लेसले बताए।


तस्वीर: एजेन्सी

देशको बढ्दो चुनौतीसँग सामना गर्न क्यानबेराले हालैका वर्षहरूमा पनडुब्बी, जेट र धेरै लडाकू सवारीसाधनजस्ता रक्षाको क्षेत्रमा खर्च बढाएको छ। दुई करोड ६० लाख जनसङ्ख्या रहेको देशले उक्त सामग्री सञ्चालन र मर्मत गर्न पर्याप्त जनशक्तिका लागि सङ्घर्ष गरिरहेको छ।

अस्ट्रेलियाली रक्षा बलमा आजका दिनमा लगभग ९० हजार कर्मचारी रहेको अस्ट्रेलियन स्ट्रेटेजिक पोलिसी इन्स्टिच्युटले जनाएको छ। रक्षामन्त्री मार्लेसले राष्ट्रका सुरक्षा चुनौतीहरूको सामना गर्न अस्ट्रेलियामा रक्षाबलको विकास आवश्यक रहेको बताए। रासस

## कोइलाखानी दुर्घटनामा ११ जनाको मृत्य

करॉंची, २२ जेठ/एएफपी

पाकिस्तानको दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानको कोइला खानीमा सोमवार ग्याँस चुहावट भई दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको एक अधिकारीले बताएका छन्।

खानीमा ग्याँस चुहावट भएपछि श्वासप्रश्वासमा असहज भएका कारण मृत्यु भएको प्रान्तीय सरकारको खानी विभागका प्रमुख अब्दुल घानी बलोचले बताए।

उनका अनुसार मृतकमा एक ठेकेदार र एक खानी प्रबन्धक पनि थिए।

निजी कम्पनी युनाइटेड कोल कम्पनीद्वारा सञ्चालित यो खानी प्रान्तीय राजधानी क्वेटाबाट ४० किलोमिटर टाढा अवस्थित छ। मार्चमा सोही प्रान्तमा ग्याँस विस्फोट हुँदा १२ जना खानी मजदूरको मृत्यु भएको थियो।

बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो र सबैभन्दा गरीब प्रान्त हो, जुन प्राकृतिक स्रोतमा धनी भए तापनि यसलाई स्थानीयले लामो समयदेखि आफ्नो समुदायबीच निष्पक्षरूपमा नबाँडिएको भनेर गुनासो गर्दै आएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनक्षति | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुभय | मकर – कार्यनाश |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## तीन सयभन्दा बढी अफगान शरणार्थी परिवार स्वदेश फिर्ता

काबुल, २२ जेठ/सिन्ह्वा

पछिल्लो दुई दिनमा पाकिस्तान र इरानबाट ३०० भन्दा बढी अफगान शरणार्थी परिवार स्वदेश फर्केको मङ्गलवार सरकारी समाचार एजेन्सी बख्तरले जनाएको छ।

दुई छिमेकी देशमा वर्षौंसम्म शरणार्थीका रूपमा बसेका ३०३ परिवार दुई दिन अघि आफ्नो मातृभूमिमा फर्केको जनाउँदै राज्य नियन्त्रित मिडिया आउटलेटले आफ्नो रिपोर्टमा फिर्ता हुनेहरूको जम्मा सङ्ख्या खुलासा नगरी थपेको छ।१० लाखभन्दा बढी अफगान शरणार्थीमध्ये अधिकांश कागजातविहीन आप्रवासी गत नोभेम्बरदेखि दुई देशबाट घर फर्किरहेका छन्।

अफगान कार्यवाहक सरकारले अफगानी शरणार्थीहरूलाई शरणार्थीको रूपमा विदेशमा नबसी आफ्नो युद्धग्रस्त मातृभूमिको पुनर्निर्माण प्रक्रियामा योगदान दिन घर फर्कन बारम्बार आह्वान गर्दै आएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**अभिभावक ...**

सञ्चालन हुने गर्छ। नौजना शिक्षिका, चारजना शिक्षक र एकजना कार्यालय सहयोगी गरी १४ जना कार्यरत छन्। मध्याह्न १२ बजेपछि शिक्षकहरूले हरेक कक्षाका कमजोर विद्यार्थीहरूलाई छुट्टै कक्षामार्फत कोचिङ दिने गर्दा सरकारी विद्यालय भएर पनि निजी विद्यालयको तुलनामा विद्यार्थीहरूले प्रभावकारी शिक्षा प्राप्त गरिरहेका छन्। विद्यालयका प्रअ साहले राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत सङ्घ सरकारको ४५ लाख रुपैयाँ अनुदान सहयोगबाट थप चार कोठे भवन निर्माण भइरहेको र सो भवन निर्माणपछि विद्यार्थीहरूलाई अध्ययनमा थप सहज हुने बताए।

प्रअ साहले गर्न चाहे कुनै कुरा असम्भव नरहेको बताउँदै दृढ सङ्कल्पले प्रभावकारी शिक्षण सिकाइ गरियो भने अभिभावकहरू निजी विद्यालयतर्फ आकर्षित नहुने बताए। सरकारी विद्यालयलाई सेवा भावनाको साथ प्रभावकारी सिकाइ केन्द्रको रूपमा विकसित गर्नुपर्ने उनको सुझाव छ।

**नेपाल ...**

सिफारिश भएकोमा सदस्यता प्रदान नगरिएको भन्दै सङ्गठनले ती कार्य नसच्चिए तालाबन्दी जारी रहने र निर्वाचनका काम अगाडि बढ्न नदिने चेतावनी दिएको छ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले जेठ २१ गते राति महासङ्घले सार्वजनिक गरेको नयाँ सदस्यता सूची मान्य नहुने प्रतिक्रिया दिएका छन्। उनले हिजो प्रकाशित सदस्यता सूचीमा थप सदस्यहरू राखिएका र जिल्ला शाखाको सिफारिश कार्यान्वयन नभएको बताएका छन्। उनले अहिलेको सूचीमा तीनजना सदस्य विधानविपरीत स्थानान्तरण गरिएको, तीनजनालाई प्रक्रियाविपरीत सदस्य बनाएको, शाखाले गरेको नयाँ सदस्य सिफारिश सूचीबाट छजनाको नाम हटाइएको र नवीकरणका लागि गरिएको सिफारिशबाट चारजनाको नाम काटिएको भनी आपत्ति जनाए।

उनले विधानतः स्थानान्तरणका लागि छ महीनाअघि सम्बन्धित शाखाबाट सिफारिश हुनुपर्नेमा त्यस्तो प्रक्रिया केही नभएको बताए। यसैगरी, गत स्थानीय चुनावमा उम्मेदवार बनेकाहरूको हकमा सदस्यता खारेज गर्न शुरूमा सिफारिश लिएको र पछि पराजित भएकाहरूको हकमा पुनः पत्रकारितामा सक्रिय भएकाहरूलाई सदस्यता दिने भनी गरिएको निर्णय ७६ जिल्लामा लागू भएको तर पर्सा जिल्लामा लागू नगर्दा सदस्यता गुमाएकामध्ये अहिले सक्रिय पत्रकारिता गर्दै आएका तीनजना पत्रकारमाथि अन्याय भएको बताए। यी सबै बेथितिपूर्ण कार्यहरू नसच्चिए निर्वाचन प्रक्रिया अगाडि बढ्न नसक्ने उनले बताए। यसै विषयमा आज नेपाल प्रेस युनियन, पर्साका अध्यक्ष विजय चौहान, प्रेस चौतारी नेपाल, पर्साका अध्यक्ष तुलसी भण्डारी, समाजवादी प्रेस सङ्गठन, पर्साका अध्यक्ष शम्भुकुमार सुमन र प्रेस मञ्च नेपालका उपाध्यक्ष वीरेन्द्र साहले विज्ञप्ति जारी गर्दै महासङ्घको विधान मिचेर बनाइएको सदस्यताको छानबीन गरी कारबाही गर्न र प्रक्रियागतरूपबाट सदस्यताको टुङ्गो लगाएर मात्र निर्वाचन प्रक्रियामा जान आग्रह गरेका छन्। सोविपरीत गरिए त्यसबाट सृजित समस्याको महासङ्घ भागीदार हुने चेतावनी पनि उनीहरूले दिएका छन्।

**बझियानमा ...**

बाध्यता रहेको किसानहरू बताउँछन्। नेपाली किसानहरूले अहिले धानको बीउ छर्दा मलको आवश्यकता त्यति नपरे पनि धानको बेर्ना रोप्दा आवश्यक पर्ने र सो बखत उपलब्ध नहुँदा उत्पादनमा असर पर्ने किसानहरू बताउँछन्।

धानको बेर्ना रोपाइँ गर्दा प्रतिकट्ठा डिएपी अढाई किलो, युरिया र पोटास डेढ/डेढ किलो आवश्यक पर्छ। केही किसानहरूले धानखेतीलाई लक्षित गरेर मल सञ्चय गरेका छन्। बर्सेनि मलको समस्या हुने हुँदा हुनेखाने किसानहरूले मलको सहजता भएको बखत सञ्चय गर्ने गरेका छन्।

मलको सञ्जय गर्ने किसानहरूको सङ्ख्या २५ प्रतिशत रहेको अनुमान गरिएको छ। बाँकी किसानहरू आवश्यक परेको बेला सहकारीबाट मल नपाउँदाको समयमा भारतीय बजारमैं आश्रित हुने गरेका छन्। अहिले किसानहरूलाई डिएपी मलको चरम आवश्यकता छ तर सहकारी संस्थाहरूमा भने युरिया मल मात्र उपलब्ध छ।

यता गण्डक नहरको दक्षिणतर्फ बझियान क्षेत्रका किसानहरू भने धानको बेर्ना रोपाइँका लागि खेतको तयारीमा जुटेका छन्। मौसममा देखिएको परिवर्तनसँगै बेलाबखतमा वर्षा हुने गरेकोले यहाँका किसानहरू समयमा यसपटक पानी पर्ने आशामा बेर्ना रोप्ने तयारी गरिरहेका छन्।

गहुँ कटानपछि झारपात हटाउने, माटो सम्याउने जस्ता कार्यमा किसानहरू सक्रिय भएका छन् साथै मलको जुगाडमा पनि उनीहरू लागिपरेका छन्। सहकारी संस्थाहरूमा युरिया मल मात्र उपलब्ध रहेको र बीउ छर्ने तथा बेर्ना रोप्ने क्रममा आवश्यक पर्ने मल डिएपी, युरिया र पोटास किसानहरूले सीमावर्ती भारतीय बजारबाट ल्याएर सञ्चय गरिरहेका छन्। पोखिया नगरपालिका–५ का किसान धनिफ मियाँले बेर्ना रोप्ने तयारीसँगै भारतीय बजारबाट मल खरीद

(बाँकी अन्तिम पातामा)

पोखरिया नगरपालिका
**पोखरिया अस्पताल**
पोखरिया-४, पर्सा
मधेस प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी मागसम्बन्धी सूचना**

(प्रथमपटक प्रकाशितः मिति २०८१/०२/२३)

यस पोखरिया नगरपालिकामा रहेको पोखरिया अस्पतालको लागि तपसिलका पदहरूमा देहायका सङ्ख्या र योग्यता भएका कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्रसं | विज्ञापन नं | पद | तह | सिट सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १) | १–२०८०/८१ | फिजियोथेरापी असिस्टेन्ट | सहायक पाँचौं | १ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट उत्तीर्ण गरी परिषद् दर्ता भएको |
| २) | २–२०८०/८१ | हे.अ. | सहायक पाँचौं | २ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट सामान्य चिकित्सा उत्तीर्ण गरी परिषद् दर्ता भएको |
| ३) | ३–२०८०/८१ | अ.हे.ब. | सहायक चौथो | ४ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.हे.ब. उत्तीर्ण गरी परिषद् दर्ता भएको |
| ४) | ४–२०८०/८१ | ल्याब असिस्टेन्ट | सहायक चौथो | २ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट ल्याब असिस्टेन्ट उत्तीर्ण गरी परिषद् दर्ता भएको |
| ५) | ५–२०८०/८१ | डार्करूम असिस्टेन्ट | सहायक चौथो | १ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट डार्करूम असिस्टेन्ट उत्तीर्ण गरी परिषद् दर्ता भएको |
| ६) | ६–२०८०/८१ | अ.न.मि. | सहायक चौथो | २ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.न.मि. उत्तीर्ण गरी परिषद् दर्ता भएको |
| ७) | ७–२०८०/८१ | कम्प्युटर अपरेटर | सहायक चौथो | ६ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट एसइई/एसएलसी उत्तीर्ण गरी कम्प्युटरसम्बन्धी बेसिक कोर्स गरेको |
| ८) | ८–२०८०/८१ | प्लम्बर | श्रेणीविहीन | १ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट एसइई/एसएलसी उत्तीर्ण गरी प्लम्बरसम्बन्धी बेसिक तालीम लिएको |
| ९) | ९–२०८०/८१ | कार्यालय सहयोगी | श्रेणीविहीन | ४ | साधारण लेखपढ गर्न सक्ने नेपाली नागरिक |
| १०) | १०–२०८०/८१ | गार्ड | श्रेणीविहीन | ६ | साधारण लेखपढ गर्न सक्ने नेपाली नागरिक |
| ११) | ११–२०८०/८१ | स्वीपर | श्रेणीविहीन | १ | साधारण लेखपढ गर्न सक्ने नेपाली नागरिक |

**आवश्यक न्यूनतम योग्यता सम्बन्धमा:**

१. दरखास्त दिने अन्तिम मितिः– २०८१/०३/०५ गते (कार्यालय समयभित्र)।
२. फाराम पाइने र बुझाउने स्थानः– पोखरिया अस्पतालको प्रशासन शाखा।
३. दरखास्त दस्तुरः– पाँचौं तहको लागि रु ५००/– र बाँकी सबैको लागि रु ४००/–।
४. परीक्षाको किसिमः– लिखित, अन्तर्वार्ता सबैमा (का.स., गार्ड, प्लम्बर र स्वीपरको अन्तर्वार्ता मात्र)।
५. सम्पर्क मितिः– २०८१/०३/०६ गते।
६. उम्मेदवारको उमेरको हदः– कम्तीमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा ४५ वर्ष ननाघेको।
७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरूः– आवेदक स्वयंले प्रमाणित गरेको न्यूनतम योग्यताको प्रमाणित प्रतिलिपि, परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात र दुई प्रति पासपोर्ट साइजको फोटो पेश गर्नुपर्नेछ।
८. पारिश्रमिक र सेवासुविधाः– करार सम्झौताबमोजिम।

**नोटः अन्य थप जानकारीको लागि यस पोखरिया अस्पताल प्रशासन शाखामा सम्पर्क गर्नुहुन।**

## अभिभावकको रोजाइमा श्री मन मिश्र निमावि



राधेश्याम पटेल, परवानीपुर, २२ जेठ/

अढाई वर्ष अघि वीरगंज-३२ टेढास्थित श्री मन मिश्र निम्न माध्यमिक विद्यालयमा जम्मा छजना छात्रछात्रा थिए। विद्यालयको भवन खण्डहर जस्तो देखिन्थ्यो । तर आज सो विद्यालय विद्यार्थीहरूले भरिभराउ एवं रङ्गरोगन गरी चम्काइएको छ । विद्यालयको प्रधानाध्यापकको जिम्मेवारीमा राजाराम साह आएपछि सो विद्यालयको कायापलट भएको अभिभावकहरूले बताए। करीब १४ कट्ठा क्षेत्रफल रहेको सो विद्यालयको दुईवटा भवनमा गरी १० वटा कक्षाकोठा छन् । सबै कक्षाकोठामा विद्यार्थी भरिभराव छन्। विद्यालयमा साह प्रअ भएर आएपछि शैक्षिक गतिविधिले गति लिएको छ। चालू शैक्षिक सत्रमा नयाँ विद्यार्थी भर्नाको चाप यति बढ्यो कि विद्यालयले भर्ना बन्द गर्नुपर्‍यो।

"हामीसँग भएको भौतिक संरचनाले विद्यार्थीको बढी सङ्ख्या थेग्न नसकेर विद्यार्थी भर्ना बन्द गर्नुपर्‍यो," प्रअ साहले भने, "अहिले विद्यालयमा ३३८ छात्रा र ३६८ छात्र गरी कुल ७०६ जना विद्यार्थी अध्ययनरत छन्।" ग्रामीण भेगमा सो विद्यालय नमूनाको रूपमा रहेको छ । विद्यालयमा राम्रो अध्ययन हुन्छ भन्ने अभिभावकमा विश्वास पलाएपछि सो भेगमा यो सरकारी विद्यालयले नमूनाको रूपमा पहिचान हासिल गरेको विद्यालयकी शिक्षिका एवं सूचना अधिकारी मीनाकुमारी कार्की बताउँछिन्। विद्यालयमा शैक्षिक गतिविधिलाई नियाल्न कक्षाकोठाको सिसिटिभीबाट निगरानी गरिन्छ।

बिहान ६ बजे विद्यालयको मूलगेट बन्द भई मध्याह्न १२ बजेसम्म विद्यालय

(बाँकी पाँचौं पातामा)


## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## आइसिसी टी-२० : अफगानिस्तानद्वारा युगान्डा पराजित

काठमाडौं, २२ जेठ/रासस

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको समूह 'सी'को खेलमा अफगानिस्तानले युगान्डालाई १२५ रनको फराकिलो अन्तरले पराजित गरेको छ । अफगानिस्तानले जीतका लागि दिएको १८४ रनको लक्ष्य पछ्याएको युगान्डा १६ ओभरमा सबै विकेट गुमाउँदै मात्रै ५८ रन बलमा समेटियो। विश्वकपमा डेब्यू गरेको युगान्डाका लागि रोबिन्सन ओबुयाले १४ र रिआजत अली साहले ११ रन बनाउनुबाहेक कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।



युगान्डालाई ५८ रनमा समेट्ने क्रममा अफगानिस्तानका फजलहक फारुकी एक्लैले पाँच विकेट लिए भने नवीन उलहक र कप्तान राशिद खानले समान दुई/दुई विकेट लिए। त्यस्तै, मुजिब उर रहमानले एक विकेट झारे।

त्यसअघि प्रोभिडेन्समा टस हारेर पहिले ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा १८३ रनको योगफल बनाएको थियो। उसका लागि ओपनरद्वय रहमानुल्लाह गुर्बाज र इब्राहिम जद्रानले अर्धशतकीय पारी खेलेका थिए। गुर्बाजले ४५ बलमा चार चौका र चार छक्का प्रहार गर्दै ७६ रनको योगदान दिए भने इब्राहिमले ४६ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै ७० रन बनाए। त्यस्तै, महमद नाबीले अविजित १४ रन बनाए। बलिङतर्फ युगान्डाका ब्रायन मसाबा र कस्मस क्येवुटाले समान दुई/दुई विकेट लिए भने अलेपेश रमजानीले एक विकेट झारे। समूह 'सी'मा अफगानिस्तान र युगान्डासँगै वेस्ट इन्डिज, न्युजिल्यान्ड र पपुवा न्यूगिनी छन्।

## दक्षिण अफ्रिकाद्वारा श्रीलङ्का पराजित

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत समूह 'डी'को पहिलो खेलमा दक्षिण अफ्रिकाले श्रीलङ्कालाई पराजित गरेको छ। अमेरिकाको न्यूयोर्कस्थित नासौं काउन्टी इन्टरनेशनल क्रिकेट रङ्गशालामा गएराति सम्पन्न खेलमा दक्षिण अफ्रिकाले श्रीलङ्कालाई छ विकेटले हराउँदै विजयी भएको हो । ७८ रनको सामान्य लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले १६ दशमलव दुई ओभरमा चार विकेट गुमाउँदै पूरा गर्‍यो।



दक्षिण अफ्रिकाका लागि क्विन्टन डी ककले २७ बलमा एक चौकासहित सर्वाधिक २० रन जोडे। त्यस्तै, हेनरिक क्लासेनले अविजित १९ रन बनाए। उनले २२ बलमा एक चौका र एक छक्कासहित १९ रन बनाएका हुन्। त्यस्तै, ट्रिस्टन स्टबसले १३ तथा एडेन माक्ररमले १२ रन जोडे। श्रीलङ्काका कप्तान वानिन्दु हसरङ्गाले दुई विकेट लिए भने दासुन शानका र नुवान थुसराले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको श्रीलङ्काले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ७७ रनमा समेटिएको थियो। श्रीलङ्काका लागि कुशल मेन्डिसले ३० बलमा एक चौकासहित सर्वाधिक १९ रन जोडे भने एन्जिलो म्याथ्युजले १६ बलमा दुई छक्कासहित १६ रन बनाए। त्यसैगरी, कामिन्दु मेन्डिसले ११ रन जोडे। श्रीलङ्कालाई सस्तैमा समेट्ने क्रममा दक्षिण अफ्रिकाका एनरिच नोर्कियाले चार विकेट लिए भने कागिसो रबाडा र केशव महाराजले समान दुई/दुई विकेट लिए।

## प्रधानमन्त्री कप भलिबल : एभरेस्ट क्लब विजयी

काठमाडौं, २२ जेठ/रासस

राजधानीमा जारी प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिग अन्तर्गत मङ्गलवार भएको महिलातर्फको खेलमा एभरेस्ट भलिबल क्लब विजयी भएको छ। एभरेस्टले न्यू डायमन्ड स्पोर्ट्स क्लबलाई पराजित गरेको हो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा भएको खेलमा एभरेस्टले न्यू डायमन्ड स्पोर्ट्स क्लबलाई ३-० सोझो सेटमा पराजित गरेको हो। एभरेस्टले पहिलो सेट २५-२१ अङ्कले, दोस्रो सेट २५-१९ अङ्कले तथा तेस्रो सेट २५-१८ अङ्कले जितेको हो। जीतसँगै एभरेस्टले तीन खेलबाट नौ अङ्क जोडेको छ। एभरेस्टले यसअघि कर्णाली प्रदेश र त्रिभुवन आर्मी क्लबलाई ३-० सोझो सेटमा पराजित गरेको थियो।

यसैगरी, न्यू डायमन्ड तीनवटै खेलमा पराजित भएको छ। यसअघि उसले सशस्त्र प्रहरी बलको एपिएफ क्लबसँग ३-२ तथा नेपाल पुलिस क्लबसँग ३-१ सेटमा हार बेहोरेको थियो।

आज सम्पन्न पुरुषतर्फका खेलमा गण्डकी प्रदेशले बूढानीलकण्ठलाई ३-१ सेटमा पराजित गर्‍यो। यसैगरी, नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई तथा त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई समान ३-० सोझो सेटमा हरायो। आजै भएको पुरुषतर्फको अर्को खेलमा हेल्प नेपालले सशस्त्र प्रहरी बलको एपिएफ क्लबाई ३-० सेटले पराजित गर्‍यो।

## वैदेशिक रोजगारको लागि तालीम



नरेश यादव, पर्सागढी, २२ जेठ/

पर्सागढी नगरपालिकाको आयोजनामा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारसम्बन्धी सरोकारवालासँग एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नगरपालिका अन्तर्गत रहेका विद्यालयका शिक्षकशिक्षिका, राजनीतिक अगुवा, सञ्चारकर्मीहरूको सहभागिता थियो। कार्यक्रममा नेपालमा वैदेशिक रोजगारको वर्तमान अवस्था, वैदेशिक रोजगारमा जानु अघि थाहा पाउनुपर्ने प्रक्रिया, तालीम, वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएकाको सङ्ख्या जस्ता विषयमा रामाशङ्कर कुशवाहाले प्रशिक्षण दिएका थिए।

फोकल पर्सन चन्द्रकिशोर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सामी कार्यक्रमका कर्मचारी रोशन चौधरी, नरेश मण्डल, शिक्षा शाखा प्रमुख देवकुमार गिरीलगायतको सहभागिता थियो।

कार्यक्रममा स्वागत मन्तव्य नगरपालिका स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले दिएका थिए भने सहजीकरण अवधेश ठाकुरले गरेका थिए।

**बझियानमा ...**

गरेर सञ्चय गर्न शुरू गरेको बताए। उनले आवश्यकता परेको बखत धानखेतीका लागि मलको अभाव हुने भएकोले आफूले भारतीय बजारबाट मल खरीद गरी सञ्चय गर्दै आएको बताए।

**नितेश कर्ण, वीरगंज/**

यसैबीच, कृषि सामग्री कम्पनी लिमिटेड केन्द्रीय कार्यालयले जेठ २२ गतेसम्म वीरगंज गोदाममा युरिया १३ हजार ९० मेट्रिकटन, डिएपी चार हजार पाँच सय मेटन र पोटास एक हजार ४६५ मेटन रहेको जनाएको छ।

दैनिक लगत अनुसार यस परिमाणमा मल सञ्चित रहेको कम्पनीले जनाएको छ।

कम्पनीले १२ हजार मेटन डिएपी आउँदै गरेको जानकारी गराएको छ। युरिया मल भने सञ्चित रहेकोले तत्काल नआउने जानकारी गराएको छ।


National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-

**Purchase Executive :**

- BBA/BBS (Completed or Pursuing)
- Activities related to Purchase

**Job Location** : Shreepur, Birgunj, Nepal
**No. of Vacancy** : 1

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** by 12th June 2024.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called for an interview.*